**आज मिति २०७५ साल जेष्ठ २८ गतेका दिन गेरुवा गाउँपालिकाका अध्यक्ष** श्री जमानसिंह के.सी. ज्यू **को अध्यक्षतामा कार्य पालिकाको चौबिसौ बोर्ड बैठक बस्यो,** उपस्थिति तथा निर्णय देहाय वमोजिम छ ।

**उपस्थिति**

| | | | |
|---|---|---|---|
| श्री जमान सिंह के.सी. - | अध्यक्ष | सभाध्यक्ष | |
| श्री हिमा कुमारी थरुनी - | उपाध्यक्ष | सदस्य | |
| श्री दयाराम बैद्य थारु - | वडाअध्यक्ष, वडानं. १ | ,, | |
| श्री आलोक कुमार थारु - | वडाअध्यक्ष, वडानं. २ | ,, | |
| श्री पुनाराम थारु - | वडाअध्यक्ष, वडानं. ३ | ,, | |
| श्री बल बहादुर चलाउने- | वडाअध्यक्ष, वडानं. ४ | ,, | |
| श्री धर्म प्रकाश थारु - | वडाअध्यक्ष, वडानं. ५ | ,, | |
| श्री टेक बहादुर चौधरी - | वडाअध्यक्ष, वडानं. ६ | ,, | |
| श्री शान्ती चौधरी - | सदस्य | ,, | |
| श्री राजु बडुवाल खत्री - | सदस्य | ,, | |
| श्री चन्द्ररुपा कामी - | सदस्य | ,, | |
| श्री मोवीला शर्मा पौडेल - | सदस्य | ,, | |
| श्री लक्षिण बहादुर नेपाली - | सदस्य | ,, | |
| श्री बम बहादुर वि क. - | सदस्य | ,, | |
| श्री ठाकुर प्रसाद चौधरी - | नि. प्रमुख प्रशासकीय अधिकृत | सदस्य-सचिव | |

**प्रस्तावहरु**

१ **बोलपत्र स्वीकृत गर्ने आशयको सूचना प्रकाशित गर्ने सम्बन्धमा ।**

२ **बोलपत्र रद्द गर्ने सम्बन्धी सूचना प्रकाशित गर्ने सम्बन्धमा ।**

३ **गाउँ कार्यपालिकाको कार्यालयको खाता संचालन सम्बन्धमा ।**

४ **गेरुवा गाउंपालिकाको दोस्रो गाउं सभा बाट स्वीकृत योजना, कार्यक्रम तथा बजेट सम्बन्धमा ।**

५ **सहविर थारुको अनिवार्य अवकास सम्बन्धमा ।**

६ **विविध**

**(क) आगामी बोर्ड बैठक बस्ने सम्बन्धमा**

Scanned by CamScanner

निर्णयहरु :-

१ **बोलपत्र स्वीकृत गर्ने आशयको सूचना प्रकाशित गर्ने सम्बन्धमा ।**

प्रस्ताव नं. १ माथी छलफल गर्दा यस गेरुवा गाउँपालिकाको लागि चालु आ.व ०७४/७५ को स्वीकृत कार्यक्रम अन्तर्गत सवारी साधन तथा मेशिनरी औजार खरिद गर्न लागि मिति २०७५।०१।३० गतेको अन्नपूर्ण पोष्ट राष्ट्रिय दैनिक पत्रिकामा दोस्रो पटक प्रकाशित शिलबन्दी बोलपत्र आह्वान सम्बन्धी सूचना अनुसार मिति २०७५।०२।१४ गते दिनको १२:०० बजे भित्र यस कार्यालयमा दर्ता हुन आएका बोलपत्रहरु सोही दिनको २:०० बजे खोलि बोलपत्र मूल्यांकन समितिको मिति २०७५।०२।२६ को सिफारिस बमोजिम न्यूनतम मूल्यांकित सारभूत रुपमा प्रभावग्राही देहाय बमोजिमका बोलपत्रहरु स्वीकृत गर्ने आशयको सूचना प्रकाशित गर्न सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा (२) बमोजिम गाउँ कार्यपालिकाको कार्यालयलाई आवश्यक निर्देशन दिने निर्णय गरियो ।

| क्र.सं | ठेक्का नं | विवरण | न्यूनतम मूल्यांकित सारभूत रुपमा प्रभावग्राही बोलपत्रदाता | कबोल अंक (भ्याट समेत) |
|---|---|---|---|---|
| १. | ०१-२०७४/७५ VHCL–GRMO | 4WD Double SUV Hardtop Jeep | Agni Incorporated Pvt. Ltd Panipokhari Kathmandu | ४९,६०,०००।- |
| २. | ०२-२०७४/७५ VHCL–GRMO | Double Drum Vibrating Compactor | MAW EARTH MOVERS PVT LTD Dhobighat Lalitpur | ४३,५०,०००।- |

२ **बोलपत्र रद्द गर्ने सम्वन्धी सूचना प्रकाशित गर्ने ।**

प्रस्ताव नं. २ माथी छलफल गर्दा यस गेरुवा गाउँपालिकाको लागि चालु आ.व ०७४/७५ को स्वीकृत कार्यक्रम अन्तर्गत सवारी साधन तथा मेशिनरी औजार खरिद गर्न लागि मिति २०७५।०१।३० गतेको अन्नपूर्ण पोष्ट राष्ट्रिय दैनिक पत्रिकामा दोस्रो पटक प्रकाशित शिलबन्दी बोलपत्र आह्वान सम्बन्धी सूचनाको सम्बन्धमा तत्कालको लागि All Wheel Drive Backhoe Loader 1 Unit तथा 4WD Tractor With Trolley 2 Unit आवश्यक नभएकोले मिति २०७५।०२।१४ गते दिनको १२:०० बजे भित्र ब्याकहोर लोडर १ थान र ट्याक्टर २ थान को लागि यस कार्यालयमा दर्ता हुन आएका देहाय बमोजिमका बोलपत्रहरु रद्द गर्ने तथा सो सम्बन्धी सूचना प्रकाशित गर्न सार्वजनिक खरिद ऐन २०६३ को दफा २६ को १(ग) बमोजिम गाउँ कार्यपालिकाको कार्यालयलाई आवश्यक निर्देशन दिने निर्णय गरियो ।

| क्र.सं | रद्द गरिएको ठेक्का नं | रद्द गरिएको ठेक्काको विवरण | कैफियत |
|---|---|---|---|
| १. | ०३-२०७४/७५ VHCL–GRMO | ( All Wheel Drive Backhoe Loader) | १ थान |
| २. | ०४-२०७४/७५ VHCL–GRMO | (4WD Tractor With Trolley) | २ थान |

Scanned by CamScanner

३ **खाता संचालन सम्बन्धमा ।**

प्रस्ताव नं. ३ माथी छलफल गर्दा यस गेरुवा गाउं कार्यपालिकाको कार्यालय पशुपतिनगरका प्रमुख प्रशासकिय अधिकृत श्री भिम बहादुर खत्रीले अत्यावश्यक घरायसी कामको कारणले दिन १५ को घरबिदा स्वीकृत गरी ना.सु श्री ठाकुर प्रसाद चौधरीलाई प्रशासनिक तथा आर्थिक अधिकार प्रत्यायोजन गरी काठमाडौं जानु भएको हुंदा निज हाजिर नभएसम्मको लागि यस गेरुवा गाउंपालिकाको रा.वा बैंक गुलरिया स्थित बैंक खाताहरु नि.प्रमुख प्रशासकिय अधिकृत श्री ठाकुर प्रसाद चौधरी र लेखापाल श्री तुल्सीराम श्रेष्ठको संयुक्त दस्तखतबाट संचालन हुने व्यवस्था मिलाउन गाउँ कार्यपालिकाको कार्यालयलाई आवश्यक निर्देशन दिर्ने निर्णय गरियो ।

**तपसिल:-**

१) संचित मूल कोष - ४१४०३०४०१८१०६
२) चालु खर्च खाता - ४१४०३०२०१६१०६
३) पूंजिगत खर्च खाता - ४१४०३०२०२६२०६
४) प्रकोप व्यवस्थापन विशेष कोष - ४१४०३०५०४९४०६
५) कर्मचारी कल्याण कोष - ४१४०३०५०१९१०६
६) धरौटी खाता - ४१४०३०३००७१०६

४ **दोस्रो गाउसभा बाट स्वीकृत योजना, कार्यक्रम, बजेट सम्बन्धमा ।**

प्रस्ताव नं. ४ माथी छलफल गर्दा मिति २०७५।१।२९ गतेको दोस्रो गाउँसभा बाट संशोधित योजना तथा कार्यक्रमहरु मध्ये केहि योजनाहरुमा विनियोजित बजेट फरक परेको देखिएकोले त्यस्ता योजना तथा कार्यक्रमको स्थलगत अनुगमन गरि सम्झौता तथा प्राविधिकको कार्यसम्पन्न बिल बमोजिम भुक्तानीको व्यवस्था मिलाउन तथा फरक परेका सम्पूर्ण योजना तथा कार्यक्रमहरुको विस्तृत विवरण बनाई आगामी बोर्ड बैठकमा पेश गर्न गाउँ कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

५ **सहविर थारुको अनिवार्य अवकास सम्बन्धमा ।**

प्रस्ताव नं. ५ माथी छलफल गर्दा साविक पाताभार गा.वि.स. हाल गेरुवा गाउँपालिका वडा नं. २ का कार्यालय सहयोगी सहविर थारुको व्यक्तिगत विवरणको आधारमा निजले अनिवार्य अवकास पाउनुपर्ने पुष्टि भएकोले निजलाई मिति २०७३।६।१२ देखि अनिवार्य अवकास दिने आवश्यक व्यवस्था मिलाउन तथा निजले पाउने अन्य सेवा सुविधाको सम्बन्धमा आगामी गाउँ सभा बाट स्वीकृत गराई कार्यान्वयन गर्ने निर्णय गरियो ।

६ **बिबिध**

**(क) बोर्ड बैठक बस्ने सम्बन्धमा**

(क) २५ औ बोर्ड बैठकको रुपमा २०७५/३/७ गते दिउसो २.०० बजे नियमित बोर्ड बैठक बस्ने निर्णय गरियो ।

Scanned by CamScanner